# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।३० गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

म्याग्दी जिल्ला धवलागिरी गाउँपालिका-३ स्थित श्री सुर्य ज्योति आधारभूत विद्यालयमा भवन निर्माणको क्रममा जिल्ला शिक्षा कार्यालय म्याग्दीका इन्जिनियर श्रीकृष्ण खनाल र सव-इन्जिनियर प्रमोदकुमार उप्रेतीले अनुचित तरिकाले पैसा असुली गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन इन्जिनियर श्रीकृष्ण खनाल र तत्कालीन सव-इन्जिनियर प्रमोदकुमार उप्रेतीले बिभिन्न बहानामा पटकपटक गरी विद्यालय पक्षसँग रकम लिएको सम्बन्धी उजुरी परेपछि रु. ७०,०००।— फिर्ता गरेको, पहिले कुनै बहानामा लिइसकेको रकम पछि कारवाहीबाट बच्नसक्ने दुषित मनसायले फिर्ता गरेको देखिंदा राष्ट्रसेवक कर्मचारीहरुले गरेको कार्य र प्रचलित कानूनी व्यवस्था विश्लेषण गर्दा शिक्षा विकास तथा समन्वय इकाई बेनी म्याग्दीमा कार्यरत निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजहरु श्रीकृष्ण खनाल र प्रमोदकुमार उप्रेतीलाई घुस/रिसवत लिएको बिगो रु. ७०,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला